हनिरनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी

## अपाङ्गता सहायता सहजकर्ता पदकालागि दरखास्त आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।१०।१०**

यस हरिनगर गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एक जना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ। हरिनगर गाउँपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचयपत्र र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर राजस्व बुझाएको भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस हरिनगर गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएको दरखास्त उपर कुनै कारवाही हुने छैन साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिल:

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | ११।०७९।०८० | अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्र) | १ (एक) |

२. सेवाको किसिम: करार सेवा

३. दरखास्त बुझाउने अन्तिम मिति: २०७९।१०।२४ गते कार्यालय समय भित्र (विज्ञापन भएको मितिदेखी १५ दिनभित्र)।

४. उम्मेदवारको छनौट विधि: प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन समेत।

५. दरखास्त फारम प्राप्तगर्ने र बुझाउनु पर्ने स्थान:- हरिनगर गाउँपालिकाको प्रशासन शाखाबाट प्राप्त गर्न र सोही शाखामा बुझाउन सकिनेछ साथै दरखास्त फारम यस कार्यालयको वेवसाइट www.harinagaramun.gov.np बाट समेत डाउनलोड गरी भर्न सकिनेछ। ६. परीक्षा दस्तुर:- रु ३००।- (तिन सय रुपैयाँ)

७. परीक्षा दस्तुर बुझाउने प्रक्रिया : बैंक चौचर वा राजस्व तिरेको भौचर फारमसाथ पेश गर्नुपर्नेछ।

८. परीक्षा सञ्चालनहुने मिति, समय र स्थान दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको दुई दिनभित्र यस हरिनगर गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ। साथै, यस कार्यालयको वेब साईट र राष्ट्रिय दैनिकमा समेत प्रकाशित गरिनेछ।

९. आवेदन स्वीकृत /अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ। १०. मासिक तलव: करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। ११. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव : (क) नेपाली नागरिक (ख) अपाङ्गता भएको (ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +2 वा सो सरह उत्तिर्ण गरेको प्रमाण पत्रहरुको (घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको (ङ)अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानिय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ।

१२. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा हरिनगर गाउँपालिकाको कार्यालयको टेलिफोन नं. ९८४२०५८५७२, ९८२०७०६३६५ मा सम्पर्क गरी बुझ्न सकिनेछ।